# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु हरिजङ्ग शाही, सुन्तला रोकाया, पशुपति शाही, पिताम्बर सारु, महेश सिंह कठायत, हस्त बहादुर मल्ल, रामप्यारी शाही, नानी कामी र साधना शाही भन्ने सादना मल्ल मु.नं (०७९-CR-०१४६) फैसला मिति २०८०/१२/०७ | बाटो निर्माणमा गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले गलत कार्य एवम् प्रतिवेदन गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>•**प्रतिवादीहरु छायाँनाथ रारा नगरपालिकाका नगर प्रमुख हरिजङ्ग शाही,नगर उप-प्रमुख सुन्तला रोकाया र वडा नं.७ को सदस्य पशुपती शाहीलाई** जिल्ला मुगु,छायाँनाथ रारा नगरपालिका वडा नं. ७ स्थित बिसौनी देखि किउरी सम्मको बाटो निर्माण गर्ने क्रममा उपभोक्ता समितिबाट वास्तविक रुपमा भए गरेको कार्य भन्दा बढी नभए नगरेको १५४९.०५ घनमिटर बराबरको रु.२२,२६,४८२।— को कार्य समेत भएको भनी बदनियतपूर्वक भुक्तानीको लागि सिफारिस गर्ने, योजनाको अनुगमन समितिको प्रतिवेदन तथा प्राविधिक प्रतिवेदन समेतका कागजात समेत नहेरी बदनियतपूर्वक भुक्तानीको कारवाही अगाडि बढाउने समेतका कार्य गरी भुक्तानी दिन सिफारिस समेतका कार्य गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (३) को बमोजिमको कसुरमा विगो रु. २२,३६,४८२।- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (३) बमोजिम सजाय हुन,**प्रमुख प्रशासकीय अधिकृत पिताम्वर सारु,इन्जिनियर महेश कठायत र असिष्टेन्ट सब-इन्जिनियर हस्त बहादुर मल्ललाई** वास्तविक रुपमा नभए नगरेको कामलाई गैरकानूनी लाभ प्राप्त गर्ने बदनियतले प्रतिवादीहरुले गलत नापी किताव, उपभोक्ता बिल, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने, उक्त कागजातहरु चेकजाँच नगरी स्वीकृत गर्ने लगायतका कार्य गरी भुक्तानी दिने समेतका कार्य गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) को साथै दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा बिगो रु. २२,३६,४८२।— कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय हुन साथै सोही ऐनको दफा १९(२) बमोजिम सजाय हुन र **प्रतिवादीहरु रामप्यारी शाही,नानी कामी र सादना मल्ललाई** प्रतिवादीहरुले सुपरिवेक्षणको जिम्मा पाएका प्राविधिकलाई वास्तविक रुपमा भए गरेको काम भन्दा बढी नभए नगरेको कार्य समेत नापी कितावमा चढाउन लगाई गलत नापी किताव,कार्यसम्पन्न प्रतिवेदन र | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट स्थलगत निरिक्षण गरी पेस गरेको दुईवटा प्रतिवेदनमा एकरुपता नभई फरक परेको।<br>•विवादको बाटो निर्माण भएको चार(४) बर्ष पछि स्थलगत नापजाँच भएको देखिएको र आयोगले उक्त नापजाँच गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यविधि,२०७८ को दफा २३ (३) (ग) उल्लेखित कार्यविधि अनुसार स्थलगत निरिक्षण वा प्राविधिक जाँचबुझ गर्नुपर्ने भए अनुसूची-६ को ढाँचामा प्रतिवेदन तयार गर्ने गर्न लगाउने उल्लेख भएकोमा सो अनुसूचीको नोटको बुँदा नं. २ अनुसार स्थलगत निरिक्षणका गर्दा नापजाँच गरी नापी किताव तयार गर्ने प्राविधिक कर्मचारी तथा उपभोक्ता समितिलाई रोहवरमा राखेको देखिदैन।<br>•प्रतिवादीहरु उपरको आरोपदावी विश्वसनीय एवम् ठोस सवुत प्रमाणबाट पुष्टि भएको देखिन आएन। | •जिल्ला मुगु,छायाँनाथ रारा नगरपालिकाको आ.व.०७४/०७५ मा उक्त नगरपालिकाको वडा नं. ७ मा उपभोक्ता समितिबाट निर्माण सम्पन्न भएको बिसौनी देखि किउरी सम्मको बाटो निर्माणमा अनियमितता भएको भन्ने समेत बेहोराको आयोगको कार्यालयमा दर्ता हुन आएको उजुरी निवेदनमा थप अनुसन्धान पश्चात विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको प्रस्तुत मुद्दामा आ.व.२०७४/०७५ मा Abstract of cost, Summary of cost :Ordinary Soil १३३२.८०m^३ Amount ३,९७,४४०।-, Hard Soil ५२९.८४m^३ Amount १,९०,७४२।४०, Soft Rock ५२९.८४m^३ Amount ६,३५,८०८।- , Medium Rock १३२.५३m^३ Amount ३,१८,०७२।- र Hard Rock १३२.५३ m^३ Amount १३,५१,८०६।- समेत रहेको Abstract of Cost, कुल लागत अनुमान रु. २८,९३,८६८।४०, उपभोक्ताले बेहोर्ने रु. ६,९३,८६८।४०, नगरपालिकाबाट विनियोजित रु. २२,००,०००।-, कन्टेनजेन्सी रु. १,१०,०००।- खुद भुक्तानी हुने लागत रु. २०,९०,०००।– रहेको इन्जिनियर महेश सिंह कठायतले चेक गरी निमित्त प्रमुख प्रमुख प्रशासकीय अधिकृत ललितजङ्ग मल्लले स्विकृत गरेको तथ्य Summary of Cost बाट देखिन्छ भने छायाँनाथ रारा नगरपालिका वडा नं. ७ को बिसौनी देखि किउरी सम्म सडक निर्माण कार्यमा Ordinary Soil १३३२.४०m^३, Hard Soil ५३२.९६m^३, Soft Rock ५३२.९६m^३, Medium Rock १३३.२४m^३ र Hard Rock १३३.२४ m^३ बराबर रु. २९,०९,९६१।६० को कार्यसम्पन्न प्रतिवेदन रहेको देखिन्छ।मिति २०७५/०२/३० मा उपभोक्ता समितिको अध्यक्ष राम प्यारी शाहीलाई रु.६,८९,७०० पेश्की दिएको र मिति २०७५/०४/२५ मा पेश्की फर्छ्यौट गरी अन्तिम किस्ता भुक्तानी वापत रु.१४,००,३०।— वडा सदस्य पशुपति शाहीले बुझेको गोश्वारा भौचरहरु रहेको देखिन्छ। मिति २०७७।१०।०६ गते र मिति २०७९/०२/१३ गतेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको स्थलगत नापजाँच तथा प्राविधिक सहितको सब-इन्जिनियर रेशम बहादुर वली,सि.डि.इ.लक्ष्मी प्रसाद भण्डारी समेतको प्रतिवेदनमा उक्त योजनाको निर्माण कार्य स्टिमेट,नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भए अनुसारको नाप र परिमाणमा सम्पन्न भएको देखिदैन भनी दुवै प्रतिवेदमा कम काम भएको देखिन्छ।उक्त प्रतिवेदनको व्यहोरालाई प्रतिवेदकहरु रेशम बहादुर वली,भेषराज रिजाल,पूर्ण बहादुर गुरुङ्ग र लक्ष्मी प्रसाद भण्डारी समेतले समर्थित हुनेगरी उक्त प्रतिवेदनको व्यहोरा र सोमा भएको सहिछापसमेत मेरो हो भनी अदालत समक्ष बकपत्र गरेको देखिन्छ।उल्लिखित मिसिल संलग्न सवुद प्रमाणहरुले प्रतिवादीहरुले वास्तविक रुपमा भएको कार्य भन्दा बढी नभए नगरेको १५४९.०५ घनमिटर बराबरको रु.२२,३६,४८२।— को कार्यसमेत भएको भनी गलत नापी किताव,कार्य सम्पन्न प्रतिवेदन बनाई भुक्तानीको लागि सिफारिस गरी भुक्तानी दिने लिने कार्य गरेको पुष्टि भई रहेको अवस्थमा उक्त प्रमाणहरुको मुल्याङ्कन नगरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिंदा बदर भागी छ।<br>•आयोगले उक्त स्थलगत नापजाँच गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यविधि,२०७८ को दफा २३ (३) (ग) उल्लेखित कार्यविधि अनुसार स्थलगत निरिक्षण वा प्राविधिक जाँचबुझ गर्नुपर्ने भए अनुसूची-६ को ढाँचामा प्रतिवेदन तयार गर्ने गर्न लगाउने उल्लेख भएकोमा सो अनुसूचीको नोटको बुँदा नं. २ अनुसार स्थलगत निरिक्षणका गर्दा नापजाँच गरी नापी किताव तयार गर्ने प्राविधिक कर्मचारी तथा उपभोक्ता समितिलाई रोहवरमा राखेको देखिदैन भन्ने आधारको सन्दर्भमा हेर्दा,उक्त छायाँनाथ रारा गाउँपालिका उप-प्रमुख सुन्तला रोकाय, इन्जिनियर महेश सिंह कठायत लगायत सबै प्रतिवादीहरुले साइडमा अनुगमन,निरिक्षणमा नै नगएको भनी अनुसन्धान तथा अदालतमा बयान गरेको देखिन्छ।यसरी नगरपालिकामा नै बसी नभए नगरेको कार्य समेत नापि कितावमा चढाइ झुठ्ठा विल भरपाइ समेत बनाएको भन्ने निज प्रतिवादीहरु कै बयानले पुष्टि गरेको देखिन्छ।भ्रष्टाचार निवारण ऐन,२०५९ मा भ्रष्टाचारका कसूरमा अनुसन्धान र अभियोजन गर्ने हदम्याद समेत नरहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपभोक्ता समितिको विल तयार गर्न लगाई गैरकानूनी लाभ लिने बदनियतले पेश गरी नभए नगरेको कामको समेत भुक्तानी लिएको देखिंदा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु. २२,३६,४८२।— कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन साथै बिगो जफत हुन समेतको मागदावी लिइएको छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरु हरिजङ्ग शाही समेतले आरोपदावी बमोजिमको कसूरबाट सफाई हुने ठहर भई विशेष अदालतबाट फैसला भएको अवस्था छ। | | र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट गएको स्थलगत अनुगमनको लागि गएको प्राविधिक सहितको टोलिको प्रतिवेदनमा कार्य सम्पन्न देखि अनुगमनको लागि स्थलगत जाँदाको समयावधिमा कुनै दैवी प्रकोप,वरपरको वातावरण समेतले प्रभाव नपारेको भनी प्रतिवेदनमा समेत उल्लेख गरेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट गएको स्थलगत अनुगमन प्रतिवेदनमा साइडमा नै नगएका प्राविधिक कर्मचारी तथा उपभोक्ता समितिका सदस्यलाई रोहवरमा नराखे कै आधारमा मिसिल संलग्न अन्य प्रमाणहरुले प्रतिवादीहरुले नभए नगरेको कार्य समेत नापी कितावमा चढाई तथा चढाउन लगाई गलत नापी किताव,कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता समितिको विल तयार गरी गर्न लगाई गैरकानूनी लाभ लिने  बदनियत राखि आरोपित कसुर गरेको मिसिल संलग्न सवुद प्रमाणबाट पुष्टि भई रहेको अवस्थामा  उक्त प्रमाणहरुको मुल्याङ्कन नै नगरी भएको उल्लिखित फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटि पूर्ण रही बदर भागी छ।<br>प्रतिवादीहरुले आय वर्ष ०७४/०७५ मा मुगु जिल्ला,छायाँनाथ रारा नगरपालिका वडा नं. ७ को बिसौनी देखि किउरी सम्मको बाटो निर्माणमा झुट्टा विल भरपाई बनाई नभए नगरेको कार्य नापि किताव चढाई चढाउन लगाई भुक्तानी लिने दिने कार्य गरी नेपाल सरकारलाई गैरकानुनी हानि पुऱ्याएको भन्ने भुक्तानी गरीएका गोश्वारा भौचर,स्थलगत प्राविधिक प्रतिवेदनहरु,स्थलगत मुचुल्काका साक्षी तथा प्रतिवेदकहरु समेतले मुचुल्का तथा प्रतिवेदनको व्यहोरा र सोमा भएको सहिछाप समेत  मेरो हो भनी अदालत समक्ष गरेको बकपत्र समेतले पुष्टि गरेको अवस्थमा उक्त प्रमाणहरुलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाण ग्रहण गर्नुपर्नेमा  प्रमाणहरुको मुल्याङ्कन नगरी प्रतिवादीहरु उपरको आरोपदावी शंकारहित तवरमा पुष्टि हुन सक्ने अवस्था नदेखिएको भन्ने आधार लिई प्रतिवादीहरुलाई आरोपदावीबाट नै सफाई हुने ठहर गरी भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण रहि बदरभागी रहेको छ।<br>**प्रतिवादीहरु हरिजङ्ग शाही, सुन्तला रोकाया र पशुपती शाहीले** आ.व.२०७४/०७५ मा जिल्ला मुगु, छायाँनाथ रारा नगरपालिका वडा नं. ७ मा निर्माण सम्पन्न भनिएको बिसौनी देखि किउरी सम्मको बाटो निर्माणको भुक्तानीको क्रममा उपभोक्ता समितिबाट वास्तविक रुपमा नभए नगरेको कामलाई लागत स्टेटमेन्ट अनुसार कार्यसम्पन्न भएको भनी बदनियतपूर्वक भुक्तानीको लागि नगर उप-प्रमुख समक्ष सिफारिस गरेको, नगर उप-प्रमुखले अनुगमन नै नभएको उक्त योजनाको प्राविधिक प्रतिवेदन र वडा सदस्यको तथा नगर सभा सदस्यको निवेदनको आधारमा प्रक्रिया अगाडी बढाइदिन नगर प्रमुखलाई सिफारिस गरेको, नगर प्रमुख हरिजङ्ग शाहीले निर्माण सम्पन्न योजनाको प्राविधिक प्रतिवेदन, अनुगमन समितिको प्रतिवेदन सहित तोकिएको आवश्यक कागजातका आधारमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुख समक्ष पेश गरी स्वीकृत भएपछि मात्र अन्तिम भुक्तानी दिने भनी नगर प्रमुख आँफैले हस्ताक्षर गरेको नगरकार्यपालिकाको बोर्ड बैठकको निर्णय बमोजिम अनुगमन समितिको प्रतिवेदन समेतको कागजातको आधारमा अन्तिम भुक्तानी दिनु पर्नेमा निजले नगर उप-प्रमुखलाई अनुगमन सिफारिस सम्बन्धमा राय पेश गर्न गरेको तोकमा केही प्रतिक्रिया प्राप्त नभएको र योजनाको सम्बन्धमा अनुगमन समितिको प्रतिवेदन नै नभएको अवस्थामा बदनियतपूर्वक भुक्तानीको कारवाही अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई आदेश गरी मागदावी बमोजिमको भ्रष्टाचारजन्य कसुर गरेको **प्रतिवादीहरु प्रशासकीय अधिकृत पिताम्बर सारु,ईन्जिनियर महेश सिंह कठायत र असिष्टेण्ट सब-ईन्जिनियर हस्त बहादुर मल्लले** उक्त बाटो निर्माण उपभोक्ता समितिबाट वास्तविक रुपमा भए गरेको कार्यभन्दा बढी नभए नगरेको १५४९.०५ घन मिटर माटो खन्ने कार्य समेत गैर कानुनी लाभ प्राप्त गर्ने बदनियतले नापी किताबमा चढाई गैरकानुनी लाभ प्राप्त गर्ने बदनियतले प्रतिवादी असिष्टेण्ट सब-ईन्जिनियर हस्त बहादुर मल्लले गलत नापी किताब, उपभोक्ताको बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरी छायाँनाथ रारा नगरपालिका, मुगुमा पेश गरेको, प्रतिवादी ईन्जिनियर महेश सिंह कठायत आफू उल्लिखित कागजातहरु चेकजाँच गर्ने जिम्मेवारीमा रहेतापनी सो नगरी नापी किताब, उपभोक्ताको बिल र कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गर्न सिफारिस गरेको साथै प्रतिवादी निमित्त प्रमुख प्रशासकीय अधिकृत पिताम्बर सारुले गलत नापी किताब, उपभोक्ताको बिल र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी २६६४.८ घन मिटर कायम गरि कार्यसम्पन्न गरेको बाटो निर्माण कार्यको भुक्तानी समेत दिई सरकारी रकम रु. २२,३६,४८२।– (अक्षरुपी बाइस लाख छत्तीस हजार चार सय बयासी रुपैंया) हानी पुऱ्याइ भ्रष्टाचारजन्य कार्य गरेको र **प्रतिवादीहरु रामप्यारी शाही, नानी कामी र सादना मल्लले** उक्त बाटो निर्माण उपभोक्ता समितिबाट उक्त कार्यको सुपरिवेक्षणको जिम्मा पाएका प्राविधिकलाई वास्तविक रुपमा भए गरेको कार्यभन्दा बढी नभए नगरेको १५४९.०५ घनमिटर बाटो खन्ने कार्य समेत नापी किताबमा चढाउन लगाई गलत नापि किताब, कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता समितिको बिल तयार गर्न लगाई उक्त कागजातहरु गैरकानुनी लाभ लिने बदनियतले छायाँनाथ रारा नगरपालिका, मुगुमा पेश गरी २६६४.८ घनमिटर कायम गरि कार्यसम्पन्न गरेको बाटो निर्माण कार्यको भुक्तानी समेत लिई सरकारी रकम रु. २२,३६,४८२।– (अक्षरुपी बाइस लाख छत्तीस हजार चार सय बयासी रुपैंया) हानीनोक्सानी पुऱ्याएको देखिंदा उल्लिखित सवुद प्रमाणबाट प्रतिवादीहरु हरिजङ्ग शाही,सुन्तला रोकाया,पशुपति शाही,पिताम्वर सारु,महेश सिंह कठायत,हस्त बहादुर मल्ल,रामप्यारी शाही,नानी कामी र साधना शाही भन्ने सादन मल्ल समेतले आरोप मागदावी बमोजिमको कसुर गरेको पुष्टि हुने मिसिल संलग्न प्रमाणहरुको मुल्याङ्कन नै नगरी भएको उल्लिखित फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटि पूर्ण रही बदर भागी छ।<br>• अतः माथि विवेचित आधार र कारण समेतबाट प्रतिवादीहरु हरिजङ्ग शाही,सुन्तला रोकाया,पशुपति शाही,पिताम्वर सारु,महेश सिंह कठायत,हस्त बहादुर मल्ल,रामप्यारी शाही,नानी कामी र साधना शाही भन्ने सादन मल्ल समेतलाई आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |